**बैठक संख्याः९**

आज मिति २०७९ साल भाद्र १० गते शुक्रबारका दिन बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री रमेश कार्की ज्यूको अध्यक्षतामा निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक नगर सभा हलमा बिहान ८:०० बजे बसी निम्न अनुसारका निर्णयहरु गरियो ।

## उपस्थिति

| | |
|---|---|
| १. नगर प्रमुख- श्री रमेश कार्की | अध्यक्ष |
| २. उप- प्रमुख - श्री नन्द कुमारी सुनुवार | सदस्य |
| ३. वडा अध्यक्ष, वडा नं १ - श्री किसन थापा | सदस्य |
| ४. वडा अध्यक्ष, वडा नं २ - श्री होम प्रसाद गौतम | सदस्य |
| ५. वडा अध्यक्ष, वडा नं ३ - श्री राजदिप लामा | सदस्य |
| ६. वडा अध्यक्ष, वडा नं ४ - श्री आसाराम चौधरी | सदस्य |
| ७. वडा अध्यक्ष, वडा नं ५ - श्री रोहित काफ्ले | सदस्य |
| ८. वडा अध्यक्ष, वडा नं ६ - श्री उद्धब प्रसाद पोखरेल | सदस्य |
| ९. वडा अध्यक्ष, वडा नं ७ - श्री कपिल आचार्य | सदस्य |
| १०. वडा अध्यक्ष, वडा नं ८ - श्री रोशन खड्का | सदस्य |
| ११. वडा अध्यक्ष, वडा नं ९ - श्री निरञ्जन मण्डल चन्द्रबंशी | सदस्य |
| १२. वडा अध्यक्ष, वडा नं १० - श्री तेज बहादुर गुरुङ्ग | सदस्य |
| १३. वडा अध्यक्ष, वडा नं ११ - श्री कृष्ण कुमार महतो | सदस्य |
| १४. कार्यपालिका सदस्य - श्री पंकज कुमार महतो | सदस्य |
| १५. कार्यपालिका सदस्य - श्री बिष्णु कुमारी बिष्ट | सदस्य |
| १६. कार्यपालिका सदस्य - श्री मालति बिश्वकर्मा | सदस्य |
| १७. कार्यपालिका सदस्य - श्री दुर्गा राई | सदस्य |
| १८. कार्यपालिका सदस्य - श्री नविन बि.क. | सदस्य |
| १९. कार्यपालिका सदस्य - श्री भगवति कटुवाल खड्का | सदस्य |
| २०. कार्यपालिका सदस्य - श्री रत्न बहादुर रम्तेल | सदस्य |
| २१. कार्यपालिका सदस्य - श्री सुष्मा माझी | सदस्य |
| २२. प्रमुख प्रशासकीय अधिकृत - श्री ऋद्धि प्रकाश सिटौला | सदस्य-सचिब |

**आमन्त्रित**

१. लेखा अधिकृत - श्री वीरेन्द्र यादव

२. अधिकृत छैटौ प्रशासन शाखा प्रमुख - श्री राजकुमार गौतम

३. सूचना प्रविधि अधिकृत - श्री पुकार पोखरेल

**प्रस्तावहरुः-**

१. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको नामावलि स्वीकृत गर्ने सम्बन्धमा ।

२. नामावलि पठाउने सम्बन्धमा ।

३. अपाङ्गगता भएका व्यक्तिको परिचय पत्र बितरण समन्वय समिति गठन सम्बन्धमा ।

४. धरौटी फिर्ता सम्बन्धमा ।

५. जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

६. मुल्याङ्कन रेट कायम गर्ने सम्बन्धमा ।

७ सहमती माग गर्ने सम्बन्धमा

**निर्णयहरुः-**

१. प्रस्ताव नं १ उपर छलफल हुँदा वराहक्षेत्र नगरपालिकामा रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन प्रविष्टि भई वराहक्षेत्र नगरपालिका वडा नं ७ मा भूमिहिन दलित र भूमिहिन सुकुम्बासीको लागि दावि बिरोध गर्ने ७ (सात) दिने र अव्यवस्थित बसोबासीको लागि दावि बिरोध गर्ने १५(पन्ध्र) दिने सूचना प्रकाशित भईसकेर ७ नं वडा स्तरीय सहजीकरण समितिले स्वीकृतको लागि पेश गरेकोमा आवश्यक छानविन गरी नामावली सहितको बिवरण स्वीकृत गर्ने निर्णय गरीयो ।

साथै वडा नं ७ मा मिति २०७९/५/०६ गते सहजिकरण समितीको बैठकले गरेको निर्णय अनुसार देवीघाट रण बहादुर बिष्टको घर उत्तर रमेश राईको घर दक्षिण बसन्तऋतु खेल मैदान पूर्व र पश्चिममा डिल बिचको एरियालाई "ग्रामिण क्षेत्र" कायम गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं २ उपर छलफल हुँदा मिति २०७९/०५/१० गते स्वीकृत भएको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको नामावली प्रमाणिकरणको लागी राष्ट्रिय भूमि आयोग जिल्ला समिती सुनसरीलाई पठाउने निर्णय गरीयो ।

३. प्रस्ताव नं ३ उपर छलफल हुँदा वराहक्षेत्र नगरपालिकाको अपङ्गगता भएका व्यक्तिको परिचय पत्र वितरण गर्नका लागि अपङ्गगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधी-२०७५ बमोजिम समन्वय समिति गठन गर्ने निर्णय गरीयो ।

**समन्वय समिती**

१. श्री नन्द कुमारी सुनुवार — संयोजक (नगर उप प्रमुख)

२. श्री मेनुका लिम्बु — सदस्य ( नगर महिला सदस्य)

३. श्री बालकृष्ण अधिकारी — सदस्य ( प्रधानाध्यापक/श्रोत व्यक्ती)

४. श्री डा. चिरञ्जिबी बस्नेत — सदस्य ( नगर अस्पतालको चिकित्सक)

५. श्री राजेश दत्त — सदस्य (ईलाका प्रहरी कार्यालय महेन्द्रनगर ईञ्चार्ज)

६. श्री जिवन सापकोटा — सदस्य (अपाङ्गगता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा कार्यरत)

७. श्री रुद्र बुढाथोकी — सदस्य ( अपाङ्गगता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा कार्यरत)

८. श्री अस्मिता भट्टराई — सदस्य ( अपाङ्गगता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा कार्यरत)

९. श्री रिता घिमिरे — सदस्य (मुद्दा शाखा)

१० श्री लिला लावती — सदस्य ( महिला तथा बालबालिका शाखा)

४. प्रस्ताव नं ४ उपर छलफल हुँदा वराहक्षेत्र नगरपालिकाको चालु आ.व.२०७९/८० साप्ताहिक हटियाको ठेक्कामा देहाय बमोजिमका फर्मले धरौटी बापतको रकम नगरपालिकाको धरौटी खातामा जम्मा गर्नु पर्नेमा भुलबस राजश्व खाता नं ३०६००१००२९४८ मा जम्मा गरेको हुँदा उक्त धरौटी बापतको रकम राजश्व खाताबाट धरौटी खातामा ट्रान्सफर गरी सो फर्महरुलाई फिर्ता गर्ने निर्णय गरीयो ।

| क्र.सं | फर्मको बिबरण | राजश्व खाता नं | धरौटी खाता नं | रकम (रु) |
|---|---|---|---|---|
| १ | सुनन्दा निर्माण सेवा वराहक्षेत्र-२ | ३०६००१००२९४८ | ३०६००१०००३०८८ | १५,०००।- |
| २ | दन्तकाली निर्माण सेवा बराहक्षेत्र-२ | ३०६००१००२९४८ | ३०६००१०००३०८८ | २६,०००।- |
| ३ | दन्तकाली निर्माण सेवा बराहक्षेत्र-२ | ३०६००१००२९४८ | ३०६००१०००३०८८ | १९,०००।- |

५. प्रस्ताव नं ५ माथी छलफल हुँदा नेपाल सरकार, खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग, शहरी खानेपानी तथा सरसफाई(क्षेत्रगत) आयोजनाको च.नं ७४६ मिति २०७९/०३/०२ गतेको पत्रानुसार एशियाली बिकास बैङ्कको ऋण सहयोगमा संचालन हुन लागि रहेको बहुउपयोगी/बहुउद्देश्यीय भवन अन्य स्थानमा पनि आवश्यक रहेको हुँदा सो भवन निर्माणका लागी आवश्यक पर्ने जग्गा साविक प्रकाशपुर गाविस प्रकाशपुर स्वास्थ्य चौकी नाममा रहेको ७४४, ७४२, ७४०, ५४८, ७५४, ७६०, ७१२, ७१३ मा रहेको ऋमश-०ज वि :१४-, ००-१-, ०३-१-, ००-१-, ०१०-१-, ०१०-१-, ०४-१-, ०-०-९ कठ्ठा जग्गा सो आयोजना संचालन गर्नका लागि उपलब्ध गराउने निर्णय गरीयो ।

६. प्रस्ताव नं ६ माथी छलफल हुँदा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित सुकुम्बासीहरुले भरेको फारमको आधारमा बराहक्षेत्र नगरपालिकाको आर्थिक ऐन-२०७९ बमोजिम साविक महेन्द्रनगर गाविसको अन्य समुहमा नपरेका बाँकी सडकले छोएका जग्गाहरुको मुल्याङ्कन दर प्रति कठ्ठा मुल्य रु ४ लाख कायम भएको निर्णय गरीयो ।

७. प्रस्ताव नं ७ माथी छलफल हुँदा यस नगरपालिका वडा नं १ र २ भएर बग्ने बगुवा, पटनाली र वडा नं ३ सर्दु खोलामा बाढीको कारण माथीबाट बगेर ल्याएको डेब्रिस अत्याधिक मात्रामा थुप्रि बाढी बस्ती पसी धनमालको क्षति गराएको र बाढीका कारण बर्षायाममा एक जनाको ज्यान समेत गएको हुँदा प्राविधिकको प्रतिबेदन तथा नगर बिपद् व्यवस्थापन समितिको निर्णय बमोजिम खोलाबाट बस्ती संरक्षण गर्नका लागि च्यानलिङ्ग गरी सो खोलाहरुमा डेब्रिस हटाउने सहमतिका लागी जिल्ला बिपद व्यवस्थापन समितिमा सिफारिस गर्ने निर्णय गरीयो ।